नेपाल सरकार

# स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय

(आन्तरिक प्रशासन शाखा)

पत्र संख्याः ०८२/०८३
च.नं. : ५८१

सिंहदरबार, काठमाडौं

मितिः२०८३/०२/११
नेपाल संवत् ११४६

विषयः विवरण उपलब्ध गराउने सम्बन्धमा ।

श्री विभागहरु प्रतिष्ठानहरु/ अस्पतालहरु (सबै)।

प्रस्तुत विषयमा सम्पत्ति छानविन आयोगको प.स. २०८२।८३,च.नं. २० मिति २०८३।०२।०७ को पत्र अनुसार यस मन्त्रालय अन्तर्गत रहेका सम्पूर्ण विभागहरु प्रतिष्ठानहरु/अस्पतालहरुमा आ.व. २०६२/०६३ देखि अ.व. २०८२/०८३ चैत्र मसान्तसम्म रा.प. प्रथम श्रेणी वा सो सरह वा सो भन्दा माथिका र कार्यालय प्रमुखको जिम्मेवारी सम्हालेका रा.प.द्वितीय श्रेणी वा सो सरहको पदमा बहालवाला तथा अवकास प्राप्त पदाधिकारी/कर्मचारीहरुको (आ.व.२०४८ अगाडि सेवा प्रवेश गरी आ.व २०६२/६३ साल पछि अवकाश भएका कर्मचारीहरुको हकमा समेत) को सम्पत्ति विवरण सङ्कलन, छानविन र प्रतिवेदन गर्ने प्रयोजनका लागि पदाधिकारी/कर्मचारीको नाम, थर, वतन, टेलिफोन नम्वर, मोवाइल नम्वर, इमेल ठेगाना समेत खुलाई सोको विवरण ३ दिन भित्र यस मन्त्रालयको इमेल intmohp@gmail.com मा सफ्टकपि सहित पठाइ दिनुहुन आदेशानुसार अनुरोध छ ।

(कौशल पाण्डे)
शाखा अधिकृत

*मन्त्रालयको पूर्वप्रेषित पत्रमा रा.प.द्वितीय हुनुपर्नेमा अन्यथा भएकाले सच्याइएको छ ।

# सम्पत्ति छानबिन आयोग
## २०८३

स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय
दर्ता नं.: ४६५२
मिति: २०८३।२।८

केशरमहल, काठमाडौं
नेपाल ।

प.सं.: ०८२।८३
च.नं.: २०

मिति: २०८३/०२/०७ गते
नेपाल सम्वत् ११४६

श्री मन्त्रालय (सबै),
सिंहदरबार, काठमाडौं ।

**विषयः विवरण उपलब्ध गराइदिने सम्वन्धमा।**

उपरोक्त सम्वन्धमा नेपाल राजपत्र खण्ड ७६), काठमाडौं, वैशाख २ गते, २०८३ साल (पूर्व अतिरिक्ताङ्क १ र खण्ड ७६) वैशाख १४ गते २०८३ साल (अतिरिक्ताङ्क २ मा प्रकाशित नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालयको सूचना अनुसार गठन भएको सम्पत्ति छानबिन आयोग, २०८३ केशरमहलमा कार्यालय स्थापना भई कार्य सञ्चालनमा आएको हुँदा देहाय बमोजिमको विवरण उपलब्ध गराईदिनु हुन आयोगको निर्णयानुसार अनुरोध छ।

क. नेपाल सरकारबाट यस आयोगलाई प्राप्त भएको कार्यसम्पादन शर्त बमोजिम कार्य गर्नका लागि तहाँ मन्त्रालय अन्तर्गत पर्ने प्रचलित नेपाल कानून बमोजिम स्थापित नेपाल सरकारका आयोग, प्रतिष्ठान, प्राधिकरण, बोर्ड, समिति, केन्द्र, नेपाल सरकारबाट अनुदान प्राप्त गर्ने विश्वविद्यालय एवंम नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्वमा रहेका सार्वजनिक संस्थान जस्ता सम्पूर्ण संस्थाहरूको नामावली आवश्यक भएकोले यथाशीघ्र छिटो यस आयोगको इमेल ठेगाना **info@pic.gov.np** मा सफ्टकपिसमेत उपलब्ध गराई सहयोग गर्नु हुन अनुरोध छ।

ख. तहाँ मन्त्रालय, मातहतका विभाग तथा कार्यालयहरूमा आ.व. २०६२/०६३ देखि आ.व. २०८२/०८३ चैत्र मसान्तसम्म रा.प. प्रथम श्रेणी वा सो सरह वा सो भन्दा माथिका र कार्यालय प्रमुखको जिम्मेवारी सम्हालेका रा.प. द्वितीय श्रेणी वा सो सरहको पदमा बहालवाला तथा अवकाश प्राप्त पदाधिकारी/कर्मचारीहरू (आ.व.२०४८ अगाडि सेवा प्रवेश गरी आ.व. २०६२/६३ साल पछि अवकाश भएका कर्मचारीहरूको हकमासमेत) को सम्पत्ति विवरण सङ्कलन, छानबिन र प्रतिवेदन गर्ने प्रयोजनका लागि पदाधिकारी/कर्मचारीको नाम, थर, वतन, टेलिफोन नं.,मोवाइल नं., इमेल ठेगाना सहितको एकमुष्ट संख्यासमेत खुलाई सोको विवरण यस आयोगको इमेल ठेगाना **info@pic.gov.np** मा सफ्टकपिसमेत उपलब्ध गराई दिनुहुन र माथि उल्लिखित पदाधिकारी/कर्मचारीहरू हालसम्म बहालमा रहनुभएको भए तहाँबाट नै आवश्यक समन्वय गरी सम्पत्ति विवरण भरी/भराई २०८३ जेष्ठ मसान्त भित्र यस आयोगमा आईपुग्ने गरी पठाइ आवश्यक सहयोग गरिदिनु हुन अनुरोध छ। सम्पत्ति विवरण फाराम यस आयोगको वेवसाइट **pic.gov.np** बाट डाउनलोड गर्न सकिनेछ।

(राजिव रिमाल)
शाखा अधिकृत

फोन: ०१-४५४६४८८, ०१-४५४६५८८
साइट: pic.gov...